नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन नं. 4200508
4200281
फ्याक्स 4200314

पत्र संख्या: २०७५।७६
चलानी नं. ९३

मिति: २०७५।०४।२७

विषय : मानवबेचबिखन विरुद्धको दिवस सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),

उपरोक्त सम्बन्धमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. २४, मिति २०७५।०४।२३, को प्राप्त पत्र यसैसाथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई मिति २०७५।०५।२० का दिन राष्ट्रिय मानवबेचबिखन तथा ओसारपसार विरुद्धको १२ औं राष्ट्रिय दिवस **"संघीयताको महत्वपूर्ण सार: मानवबेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्य सहित गरौं खबरदार"** भन्ने नारा सहित मनाउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ ।

आनन्दराम विष्ट
शाखा अधिकृत

बोधार्थ :

श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ।
श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
(मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय)

सिंहदरबार, काठमाण्डौं
फोन नं. : ४२००२१६
ईमेल : ncctt.nepal@gmail.com
Website : www.mowcsw.gov.np

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९६,४०
मिति:- ०७५/४/२३

पत्र संख्या ०७५।७६
च.नं. :- २४

मिति : २०७५।०४।२३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार,काठमाण्डौं ।

**विषय: मानवबेचविखन विरुद्धको दिवस सम्बन्धमा ।**

नेपालले दक्षिण एशीयाली क्षेत्रीय सहयोग संगठन अन्तर्गतको यौन शोषणको लागि महिला तथा बालबालिकाको बेचविखन रोकथाम तथा न्यूनीकरण गर्ने महासन्धिलाई अनुमोदन गरेको दिन स्मरणार्थ २०६३ (सन् २००२) भाद्र २० गतेका दिन मानवबेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको महिला सशक्तीकरण महाशाखा अन्तर्गतको मानवबेचविखन तथा ओसारपसार नियन्त्रण शाखाको वार्षिक स्वीकृत कार्यकममा राखी व्यापक रुपमा मनाउदै आएको जानकारी गराउँदछु ।

नजिकै आउदै गरेको भाद्र २०, २०७५ १२ औं राष्ट्रिय मानवबेचविखन तथा ओसारपसार विरुद्धको दिवसको नारा **"संघीयताको महत्वपूर्ण सार:मानवबेचविखन अन्त्यका लागि जिम्मेवार र सहकार्य सहित गरौं खबरदार"** तय गरिएको छ । मानवबेचविखन तथा ओसारपसार जस्तो जघन्य अपराध नियन्त्रणका लागि विभिन्न कार्यक्रमहरु(सचेतनामूलक,रोकथाम,पीडित प्रभावितहरुको उद्धारका लागि) संचालन गरी मानवबेचविखन विरुद्धको १२ राष्ट्रिय दिवस भव्यताकासाथ मनाउने सम्बन्धमा ७५३ वटै स्थानीय तहमा व्यवस्था गरिदिन मिति २०७५।०४।१५ को मन्त्रिस्तरीय निर्णयानुसार अनुरोध गर्दछु ।

रोशनी देवी कार्की
उप सचिव